# सहिद दिवस २०८१

सहिद दिवस मूल समारोह समितिका संयोजक एवं काठमाडौँ महानगरपालिकाका २६ नं वडा अध्यक्ष श्री ख्यामराज तिवारीज्यू,
सम्माननीय प्रधानमन्त्री श्री के पी शर्मा वलीज्यू,
राष्ट्रिय सभाका माननीय अध्यक्षज्यू,
प्रतिनिधि सभाका माननीय सभामुखज्यू,
संघीय सरकारका मन्त्रीज्यूहरु,
बागमती प्रदेशका माननीय मन्त्रीज्यूहरु,
प्रतिनिधि सभाका माननीय सांसदज्यूहरु,
बागमती प्रदेश सभाका माननीय सांसदज्यूहरु,
नेपाल सरकारका मुख्य सचिवज्यू,
नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखज्यूहरु,
नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारीज्यूहरु,
काठमाडौँ महानगरपालिका नगर सभाका सदस्यज्यूहरु,
काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
काठमाडौँ महानगरपालिकाका कर्मचारीहरु
यस कार्यक्रममा उपस्थित सहिद परिवारका व्यक्तित्वहरु र यहाँ उपस्थित महानगरवासी र पत्रकारज्यूहरु तथा समस्त आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरु ।

सर्वप्रथम,

प्रजातन्त्र र नागरिक अधिकार प्राप्तिका लागि जहानियाँ शासनको विरुद्ध १९९७ सालमा र प्राप्त उपलब्धीको संस्थागत विकासका क्रममा त्यसपछि भएका राजनितिक आन्दोलनका क्रममा ज्यान गुमाउने वीर सहिदको बलिदानीको उच्च कदर गर्दै उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण र उहाँहरुले पूर्याउँनु भएको योगदानको उच्च प्रशंसा गर्दछु ।

सहिद दिवसको यस समारोहमा म निरङ्कुशता, स्वेच्छाचारिता एवं एकतन्त्रिय शासन व्यवस्थाको अन्त्यका लागि प्राण अर्पण गर्नुहुने शहिदहरुलाई स्मरण गर्दै उहाँहरुको वास्तविक सपना पुरा गर्नका लागि एकै स्थानमा उभिन हरेक तहका शासन व्यवस्थाको नेतृत्वकर्ताहरुलाई अनुरोध पनि गर्दछु ।

जहानियाँ राणा शासनको अन्त्य र जनताको स्वतन्त्रता र स्वाधीनताका लागि शहिदहरुले बलिदानी गर्नुभयो । त्यहि बलिदानीको जगमा टेकेर आज हामी सबै जनाले शासन, स्वतन्त्रता र स्वाधीनताको उपयोग गरिरहेका छौ । अर्थात विश्वको शासन व्यवस्था मध्ये उत्कृष्ट शासन व्यवस्था लोकतान्त्रीक शासन व्यवस्थाको अभ्यास गर्न सकेका छौं ।

वि.सं. २०१२ सालदेखि काठमाडौँ महानगरपालिकाको संयोजकत्वमा सहिद सप्ताह मूल समारोह समिति गठन गरेर स्मृति सभा लगायतका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यसै सन्दर्भमा माघ १० गते शहिद शुक्रराज शास्त्रीले सहादत प्राप्त गरेको स्थान टेकु पचली, माघ १३ गते शहिद धर्मभक्त माथेमाले सहादत प्राप्त गरेको स्थान सिफल र माघ १५ गते शहिद दशरथ चन्द र गंगालाल श्रेष्ठले सहादत प्राप्त गरेको स्थान शोभा भगवतीमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो । काठमाडौँ महानगरपालिकाले सहिदहरुले सहादत प्राप्त गरेका ठाउँहरुको संरक्षण गर्ने, महत्व प्रवर्धन गर्ने क्रममा ४ वीर सहिदहरुको पूर्ण कदको सालिक निर्माण गरिएको छ । त्यस्तै धर्मभक्त माथेमाको जन्मथलो ओमबहालमा धर्मभक्त पार्क बनाइएको छ । पार्कमा उहाँको पूर्ण कदको सालिक छ । महानगरको सहकार्यमा निर्माण गर्न लागिएको मानव सेवा आश्रमको नामाकरण धर्मभक्तकै नामबाट हुने तयारीमा रहेछ । गंगालाल हृदय केन्द्रमा अक्सिजन प्लान्ट स्थापना गरेका छौँ । यसबाट सहिदका नामबाट सञ्चालित सेवा प्रदायक ठाउँबाट नागरिकले सहज सेवा पाउन सकुन् भन्नेमा हामी प्रतिवद्ध छौँ । सहिदहरुले देखाएको मार्गचित्रमा सबै निकायको सहयोग र समन्वयमा एकिकृत योजना बनाईं अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ । आज हामी जहाँ छौँ । जुन अवस्था र व्यवस्थामा छौँ ।

नागरिक अधिकार, समावेशिता र समावेशीकरणको प्रयोग गरिरहेका छौँ । यो उहाँहरुकै बलिदानीबाट प्राप्त भएको हो । यो उपलब्धी युवाहरुका लागि त्याग र समर्पण सिकाउने पाठ हो । यसबाट राजनीतिक नेता, कार्यकर्ता तथा आम नागरिकले प्रेरणा लिन सक्नुपर्छ ।

आज हामी जहाँ छौँ । जुन अवस्था र व्यवस्थामा छौँ । नागरिक अधिकार, समावेशिता र समावेशीकरणको प्रयोग गरिरहेका छौँ । यो उहाँहरुकै बलिदानीबाट प्राप्त भएको हो । यो उपलब्धी युवाहरुका लागि त्याग र समर्पण सिकाउने पाठ हो । यसबाट राजनीतिक नेता, कार्यकर्ता तथा आम नागरिकले प्रेरणा लिन सक्नुपर्छ ।

सहिदहरुलाई दिन विशेष सम्झना गर्नुभन्दा उहाँहरुबाट उर्जा लिएर व्यवस्था र शासन सञ्चालनमा दैनिक प्रभाव देखिन सकोस् । यसका निम्ति म आफ्नो पदीय जिम्मेवारीअनुसार इमान्दार भएर काम गर्ने प्रण गर्दछु ।

..................................

सुनिता डंगोल

उपप्रमुख

काठमाडौ महानगरपालिका

मिति २०८१ माघ १६ गते

नेपाल सम्वत ११४५ पोहेलागा आमै

सहिद स्मारक पार्क, लैनचौर, काठमाडौँ ।